त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु ।

**Grading System अनुसार स्नातकोत्तर तह बनस्पति शास्त्र र बायोडाइभरसिटी एण्ड इन्भारोमेन्टल म्यानेजमेन्ट (BEM) विषय दोश्रो वर्ष तेश्रो शत्र-२०७३ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार २०७५ सालमा संचालन हुने स्नातकोत्तर तह **बनस्पति शास्त्र र बायोडाइभरसिटी एण्ड इन्भारोमेन्टल म्यानेजमेन्ट विषय दोश्रो वर्ष तेश्रो शत्र २०७३ समूहको नियमित र सोही शत्रको सो भन्दा अगाडिका समूहको आंशिक** परीक्षाको परीक्षा आवेदन फाराम २०७५ साल पौष १६ गते सम्ममा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित केन्द्रीय विभाग/क्याम्पसहरुले फारामहरु रुजु गरी मिति २०७५ साल पौष १९ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा बुझाउन पर्ने छ ।

**१. परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित केन्द्रीय विभाग/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :**

(क) परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।

(ख) आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आवेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि फराम साथै पठाउनु पर्नेछ ।

(ग) आन्तरिक मूल्यांकन उत्तीर्ण नगरेका विद्यार्थीहरुको परीक्षा फाराम नपठाउने ।

(घ) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subjectwise -data) परीक्षा आवेदन फारामसाथ पठाउनु पर्नेछ ।

**२. परीक्षा शुल्क :**

क. प्रति शत्र परीक्षा शुल्क नियमित  १,०००।-
ख. प्रति शत्र परीक्षा शुल्क आंशिक  १,०००।-

**३. विलम्ब शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले दोश्रो हप्ता सम्म  रु. १,०००।-

**४. परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित केन्द्रीय विभाग/कलेजहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंकको चल्ती हिसाब नं. ०४५००१०००९९१०७००००१ मा जम्मा हुने गरी चेक वा ड्राफ्ट बनाई पठाउनु पर्ने छ ।

**५. परीक्षा केन्द्र** : **पछि प्रकाशित गरिने छ ।**

**६. प्रयोगात्मक परीक्षा :** परीक्षा सकिएको २ हप्ता भित्र प्रयोगात्मक परीक्षा सम्बन्धित केन्द्रीय विभाग । क्याम्पस र कलेजले सम्पन्न गरी सक्नु पर्नेछ ।

**द्रष्टव्य :**

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्बन्धी प्रावधान हटाइएको छ ।

* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।

* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

२०७५।०८।२५

सहायक डीन